# सरी, राजतन्त्र मान्न सक्दिनँ। पञ्चायत पुज्न सक्दिनँ। धार्मिक द्वन्द फैलाउने मुद्दा बोक्न सक्दिनँ।

# गणतन्त्र जिन्दाबाद।

श्री रवीन्द्र मिश्र ज्यू, विवेकशील साझा पार्टीका सदस्य तथा शुभचिन्तक साथीहरू,

केहि दिन अघि रवीन्द्र मिश्रजीले म विवेकशील साझा पार्टीका संयोजक मिलन पाण्डेलाई कारबाहीका निम्ति स्पष्टीकरण सोध्नुभयो। म सुरुमै एउटा कुरा के भन्न चाहन्छु भने भदौ १७ गतेपछि ( अर्थात् रवीन्द्र मिश्रजीले एकलौटी बैठक बोलाएको दिन ) विवेकशील साझा पार्टीमा जे जति विषयहरू, निर्णयहरू भएका छन् ती सब अवैधानिक हुन्। हामीले यसको जानकारी सहित निर्वाचन आयोगमा मुद्दा हालेका छौं। सो मुद्दा निर्वाचन आयोगले हेर्दै छ। यदि त्यहाँबाट न्याय नपाए हामी अदालत जाने छौं। हामी विवेकशील साझा पार्टी भदौ १७ गते अघि फर्कने र त्यसपछिका सबै निर्णयहरू बदर हुनेमा विश्वस्त छौं। हामी यो यत्तिकै बोलिरहेका छैनौं, हामीसँग कानुनी आधार छ। प्रमाण छ। हामी यो कानुनी लडाई जित्नेछौ। समाजको बेथिति, अन्याय, विसङ्गतिका निम्ति लड्ने पार्टी आफूलाई अन्याय पर्दा नलड्ने कुरै भएन। हामी विवेकशील साझा पार्टीलाई पश्चगामी मार्गमा लैजानबाट रोक्नेछौं। सर्वोच्च अदालतले हामीलाई न्याय दिनेछ। छिट्टै अवैधानिक क्रियाकलाप बदर हुनेछन्।

यद्यपि मिडिया र पार्टीमा हामी माथि केहि प्रश्न उठेपछि त्यसबारे जवाफ दिनु हाम्रो नैतिकता हो। हाम्रो जवाफदेहिता हो। हाम्रो दाइत्व हो। त्यसैले म पार्टीमा उठेका विषयमा आम नागरिक र सदस्यहरु माझ आफ्नो

बुझाइ राख्न चाहन्छु। म यो जवाफ पार्टी सदस्यहरुलाई मात्र नभई आम नागरिकलाई पनि दिन चाहन्छु, किनकि हाम्रो जवाफदेहिता पार्टीका सदस्यहरुमा मात्र सीमित छैन। अघिल्लो निर्वाचनमा हाम्रो मत दुई लाख १२ हजार आएको थियो, ती मतदाताहरुप्रति पनि हाम्रो जबाफदेहिता छ। यसरी नै, आशा छ, रवीन्द्र मिश्रजीले पनि आफ्नो राजनीति माथि उठेका विषयमा उत्तर दिने हिम्मत गर्नुहुनेछ।

## उठेका विषयहरुमा मेरो उत्तर-

१) विवेकशील साझा पार्टीको विधान अनुसार र हाम्रो एकीकरणको सम्झौता पत्र अनुसार स्पष्ट रूपमा बैठक बोलाउने अधिकार अध्यक्षसँग छैन। अध्यक्ष र संयोजकको सहमति नभइ बोलाइएको बैठक अवैधानिक हो। माइन्युटमा दुवैको हस्ताक्षर अनिवार्य चाहिन्छ। यसबारे सम्झौतापत्र र विधानमा स्पष्ट छ। त्यसलाई महाधिवेशनले मात्र बदल्न सक्छ। तपाईँ रवीन्द्र मिश्रजीले इमानदारिता गुमाउनुभयो भन्दैमा म गुमाउन सक्दिनं। त्यसैले तपाईले एकलौटी बोलाएका वैठक अराजनैतिक र अवैधानिक छन्। त्यसमा, मेरो सहभागिता रहने प्रश्न नै आउँदैन ।

# विवेकशील साझा पार्टी

निर्णयहरू:

१) प्रस्ताव १ उपर छलफल गरी गत मंसिर २४ गतेको केन्द्रीय समितिको केन्द्रीय तहमा केन्द्रीय अध्यक्ष र केन्द्रीय संयोजक आगामी महाधिवेशन सम्म रहने गरी गरिएको निर्णय अनुसार यस केन्द्रीय समितिको बैठकले संयोजक रवीन्द्र मिश्रलाई

केन्द्रीय अध्यक्ष र मिलन पाण्डेलाई केन्द्रीय संयोजकमा नियुक्त गर्ने निर्णय सर्वसम्मतिबाट पारित गर्‍यो। केन्द्रीय अध्यक्ष र केन्द्रीय संयोजक दुवै कार्यकारी भूमिकामा रही पार्टीको नेतृत्व गर्ने र बैठकका एजेन्डा तय गर्दा र बैठक बोलाउँदा आपसी सहमतीमा गर्ने समेत निर्णय गरियो।

केन्द्रीय कार्यालय: बखुण्डोल, ललितपुर, नेपाल
फोन: ०१५०१०६०९, ०१५४३६०६२
इमेल: info@bibeksheelsajha.com, वेबसाइट: www.bibeksheelsajha.com

२०.७. पार्टीको निर्वाचन आयोगद्वारा निर्धारित निर्वाचन क्षेत्रबाट प्रत्यक्ष निर्वाचित केन्द्रीय सदस्यहरूलाई भने उक्त निर्वाचन क्षेत्रका पार्टी सदस्यहरूले निर्वाचन आयोगको निर्वाचन नियमावलीले व्यवस्था गरे अनुरूपको प्रक्रिया अनुसार बहुमतले चाहेमा जति बेला पनि फिर्ता बोलाउन सक्नेछन्। र, नयाँ केन्द्रीय सदस्य निर्वाचित गरेर पठाउन सक्नेछन्।

२०.८. केन्द्रीय समितिको पदावधि ३ वर्षको हुनेछ। अत्यन्त प्रतिकूल अवस्थामा जस्तै सङ्कटकाल, प्राकृतिक महाविपत्ति वा राष्ट्रिय राजनीतिक सङ्कटको बेला बढीमा एक वर्ष कार्यकाल बढाउन सकिनेछ।


२०.९. केन्द्रीय समितिको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ।

२०.१०. पार्टीको प्रथम महाधिवेशनसम्मको लागि कायम रहने गरि केन्द्रीय समितिमा केन्द्रीय अध्यक्ष र केन्द्रीय संयोजक रहनेछन् र दुवैको आपसी समझदारीमा पार्टीको काम कारवाही संचालन गर्नेछन्।

## २१. राष्ट्रिय महाअधिवेशन

२१.१. केन्द्रीय समिति, प्रादेशिक समितिका पदाधिकारी सदस्यहरू, केन्द्रीय आयोगका प्रमुख आयुक्तहरू तथा साझेदार संगठनका केन्द्रीय अध्यक्षहरू राष्ट्रिय महाधिवेशन आयोजक समितिका सदस्य हुनेछन्। र,

केन्द्रीय कार्यालय: बखुण्डोल, ललितपुर, नेपाल
फोन: ०१५०१०६०९, ०१५४३६०६२
इमेल: info@bibeksheelsajha.com, वेबसाइट: www.bibeksheelsajha.com


३) एजेण्डा ३ उपर छलफल गर्दा व्यवहारिक कठिनाइको कारण पार्टी-केन्द्रीय समितिको अधिकांश बैठक भर्चुअल माध्यमबाट भएको र निर्णय पुस्तिकामा सबै सदस्यहरु स-शरीर उपस्थित भई हस्ता-क्षर गर्न अव्यवहारिक हुने भएकाले केन्द्रीय समितिले पारित गरेका सम्पूर्ण निर्णय तथा पार्टीका दस्तावेजलाई पार्टी अध्यक्ष र संयोजक-ले संयुक्त रूपमा हस्ताक्षर गरी प्रमाणीकरण गर्ने निर्णय गरियो। यसरी अध्यक्ष र संयोजकले संयुक्त रूपमा प्रमाणीत गरेका निर्णय र दस्तावेजलाई तुरुन्त कार्यान्वयनमा लैजाने निर्णय सहित केन्द्रीय समितिको बैठक सम्पन्न भयो।

२) दुई तिहाइ केन्द्रीय सदस्यले गरेको निर्णय भनेर तपाईंले जे प्रचार गरेर निर्वाचन आयोगमा किर्ते दस्ताबेज बुझाउनुभयो, त्यसलाई मान्न सकिन्न। हामीले निर्वाचन आयोगमा बुझाएको दस्ताबेज अध्ययन गर्दा, तपाइले किर्ते गरेको थाहा पायौं र त्यसपछि उजुरी हाल्यौं। निर्वाचन आयोगले तपाईलाई स्पष्टिकरण सोध्यो। तपाईंले जुम बैठकमा आएका-नआएका सबैको नाम राखेर निर्वाचन आयोगमा आफुसँग दुई तिहाइ छ भनेर गलत दस्ताबेज बुझाउदैमा तपाईसँग दुइ तिहाइ छ भन्न मिल्दैन। तपाईसँग दुइ-तिहाइ छैन भन्ने हामीसँग प्रमाण छ। अन्यथा दुइ तिहाइ पुर्याउन हामी चुनौती दिन्छौं ।

३) जुन दिन बैठक बस्नुभयो, त्यो दिन विवेकशील साझा पार्टीको केन्द्रीय सदस्य संख्या निर्वाचन आयोगको अभिलेखमा १३० जना रहेकोछ। तपाईंले बोलाएको जुम बैठकमा तपाईलेनै निर्वाचन आयोगमा बुझाएको रेकर्ड अनुसार ८४ जना बैठकमा आएका छन्। जुम उपस्थितिको तपाईंले बुझाएको एउटा स्क्रिन सट हेर्दा त्यसमा फेक नामको उपस्थिति देखिएको छ। 'विवेकशील साझा पार्टी' नाम गरेको व्यक्ति त नेता होइन होला नि ? त्यस्तै

अनुहार नदेखिने र जसले जसको नाम पनि राख्न मिल्ने जुम बैठकलाई आधिकारिकता दिन सकिंदैन। तपाईलेनै बुझाएको स्क्रिन सटबाटनै मेरो कुरा प्रमाणित हुन्छ। झन् पार्टीमा विवाद रहेको अवस्थामा पार्टीको विधान बदल्ने र विचार नै बदल्ने बैठक यति हल्का रूपमा लिन सकिंदैन।

# विवेकशील साझा पार्टी


विवेकशील साझा पार्टी

केन्द्रीय समितिको आठौं बैठकको निर्णयहरू

मिति २०७८ कार्तिक ११ गते, बिहीबार

## बैठकमा सहभागीहरूको जुम (Zoom) रेकर्ड

*(द्रष्टव्य: इन्टरनेट कनेक्सन तथा अन्य प्राविधिक कारणले बैठक अवधिमा सहभागीहरूको zoom connection मा connect/disconnect भई रहेको हुँदा भर्चुअल zoom को screen short लिइएको समयमा अधिकतम ८४ जनाको सङ्ख्या capture भएको छ यद्यपि उपस्थितको वास्तविक सङ्ख्या माइन्युटमा उल्लेख गरिएझैं ९१ जना रहेको छ। यद्दपी ८४ जना नै पनि कूल १२४ जनामा दुई-तिहाइ संख्या हो।)*




विवेकशील साझा पार्टी
स्थापित: २०७४

४) तपाईंले फेक अकाउन्टबाट जुममा उपस्थिति गराएर ८४ जना पुऱ्याएपछि पनि उपस्थितनै नभएका सदस्यको नाम लेखेर निर्वाचन आयोगमा बुझाउनुभयो। यो पदको दुरुपयोग हो की होइन ?

५) उपस्थित भएकै मध्ये पनि सबै जनाको त्यसमा सहमति थियो त ? जुम बोलाउने, पार्टीको विचार पढेर सुनाउने, छलफल नगर्ने, जुममा माइक अफ गर्ने र अनि 'पास भयो' भन्दिने? वैठक संचालन गर्ने यो कुन चाही सुसंस्कृत र लोकतान्त्रिक विधि हो ? तपाईले भनेको वैकल्पिक पार्टी र सुसंस्कृत राजनीति यस्तै हुन्छ ? सायद यसैमा तपाई र हामी विच ठुलो फरक छ।

६) तपाईले सहमति छ भनेर बुझाएको नाम मध्ये उपस्थित दिब्येश गिरिजीले बोल्न खोज्दा किन बोल्न दिनुभएन ? उहाँ तपाईंले ल्याएको विचार र शैलीको विरोध गर्न उपस्थित हुँदा बोल्न नदिएको भनेर उहाँले केन्द्रीय समितिमा इमेल गर्नुभएको छ। उहाँ तपाईंले दस्ताबेज ल्याएको दिन देखिनै विरोधमा हुनुहुन्छ। उहाँको पनि समर्थन छ भनेर आयोगमा उहाँको नाम पनि बुझाउँदा तपाईंलाई अलिकति असजिलो महशुस वा लज्जाबोध भएन ? बेइमानी गर्दै छु भनेर ग्लानी भएन ? त्यस्तै, केन्द्रीय सदस्य दीपा अर्यालजीले पनि आफूलाई बारम्बार जुम लिङ्क केहि साथीहरूले पठाइएपछि के रहेछ भनेर जुम लिङ्क थिच्दा तपाईंहरूको मिटिङ रहेछ भन्ने थाहा भएको र आफू निस्केको इमेल गर्नुभएको छ। उहाँको नाम पनि राखेर दुई तिहाइ छ भन्न कुन नैतिकताले दियो ? 'जुम घोटाला' गरेर बहुमत पुऱ्याएर जिते भन्ने भ्रम त्याग्न म रवीन्द्र मिश्रजीलाई अनुरोध गर्न चाहन्छु।

७) तसर्थ, तपाईंले भनेको दुई तिहाइ तपाईसँग छैन। तपाइले विधान परिवर्तन गर्न सक्नुहुँदैन। निर्वाचन आयोगमा आफुलाई ९१ जनाको समर्थन छ भनेर आफैले हस्ताक्षर गरेर बुझाएको छ। त्यहाँ समर्थन गर्ने ९१ जनाको हस्ताक्षर नहुनु विधिसम्मत छैन। आजसम्म निर्वाचन आयोगमा प्रस्तुत केन्द्रीय समितिका महत्त्वपूर्ण निर्णयहरूमा सदस्यहरूले पार्टी कार्यालयमा आएर हस्ताक्षर गरेर बुझाएका छन्। यसपालि तपाईंले त्यो गर्न दिनुभएन। सक्नुभएन। यसबाट तपाईको नियतमा प्रश्न गर्न पाउने की नाइँ ?

८) तपाईंले राजिनामानै नदिएको सदस्यको पनि राजीनामा आयो भने किन निर्वाचन आयोगलाई पत्र लेख्नुभयो ? तपाईंले मार्ग परिवर्तन भनेर ल्याएको दस्ताबेज चित्त नबुझेर फेसबुक ग्रुप छोडेका साथीहरूलाई तपाईंले राजीनामा दिएको भनेर किन निकाल्नुभयो? राजनैतिक रूपमा दबाब दिन फेसबुक ग्रुप छोड्नुभएको गण्डकी प्रदेश संयोजक

केन्द्रीय कार्यालय: बखुण्डोल, ललितपुर, नेपाल
फोन: ०१५०१०६०९, ०१५४३६०६२
इमेल: info@bibeksheelsajha.com, वेबसाइट: www.bibeksheelsajha.com

महेश भण्डारीजीले राजीनामा दिनुभएको राजिनामा पत्र कहाँ छ ? म संयोजकले त्यो पत्र हेर्न पाउने की नाइँ ? उहाँले राजिनामानै आधिकारिक रुपमा नदिई उहाँको राजीनामा कसरी स्वीकृत हुन सक्छ ? तपाईको धारणामा असहमत रहेका साथीहरूलाई पार्टीबाट र जिम्मेवारीबाट त्यतिकै हटाइदिने अनि 'राजीनामा स्वीकृत भयो' भनिदिने ? अतः कुनै पनि सदस्यको विधीवत् राजिनामा नआई वहाँहरुको राजिनामा स्वीकृत हुने प्रश्नै आउँदैन ।

९) प्रवक्ता नियुक्तिको सन्दर्भमा, विवेकशील साझा पार्टीको सचिवालयमा तपाई र मैले पहिलो प्रवक्ता अहिले चयन गर्ने र दोस्रो प्रवक्ता २० दिन पछि चयन गर्ने भनेर गत पुसमा छलफल गरेका थियौं। तपाईलेनै सचिवालयको बैठकमा दुई जना प्रवक्ता बनाउने बताउनुभएको थियो। हाम्रो सहमति त्यही थियो। तर सहमति तपाईंले पूरा नगरेपछि मैले हाम्रो सचिवालयको बैठकमा भएको छलफल बमोजिम प्रवक्ता चयन गरेको हुँ। यो कुराको साक्षी सचिवालय सदस्यहरू हुनुहुन्छ।

१०) निर्वाचन आयोगमा मैले तपाई माथि तथ्यहीन आरोप लगाएको प्रसङ्गमा मैले माथि पनि व्याख्या गरें, तपाईंले बुझाएका नामहरू किर्ते छन्, फर्जी छन् । धेरै बहस आवश्यक परेन, सक्कुहुन्छ भने तपाईंले बुझाउनुभएका ९१ जनाको हस्ताक्षर आम सदस्य र नागरिकका सामु प्रस्तुत गर्नुहोस्, म हाँसी हाँसी तपाईंको निर्णय स्विकार्छु।  तर, यदि तपाईंले तपाईसँग छ भनेकै ९१ जनाको हस्ताक्षर हाम्रो सामु र निर्वाचन आयोगको सामु प्रस्तुत नगर्ने हो भने तपाईंले किर्ते गरेको हो भन्ने प्रमाणित हुन्छ। यो कानुनी विषय मात्र होइन, राजनैतिक विषय हो। इमानदारिताको विषय हो।

११) राजनीतिक दल सम्बन्धी ऐन २०७३ को दफा ४४ ले तय गरे अनुरूप "विवाद निरूपण सम्बन्धी कार्यविधि" अनुसार अगाडी बढ्नु भनेको पार्टी फुटाउनु हो। म पार्टी फुटाउन चाहन्न। तपाईंले मलाई बारम्बार पार्टी सदस्यको अपेक्षा विपरीत पार्टी फुटाउन दबाब दिनुभयो। हामीले हुँदैन भन्यौं। यो दफा अनुसार अगाडी बढ्न भन्नुको अर्थ पनि पार्टी फुटाऊ भन्नु हो। तसर्थ, म त्यो चाहन्नँ । म हाम्रो सम्झौता अनुसार पार्टी अगाडी बढोस्, वैकल्पिक राजनीतिको मर्म अनुसार पार्टी अगाडी बढोस् भन्ने चाहन्छु। अनि, अर्को महत्त्वपूर्ण कुरा, म तपाईंले निर्वाचन आयोगमा बुझाएको दस्ताबेजमा प्रश्न गर्दै छु। म त्यो जाँच होस् भन्दै छु। त्यसका निम्ति राजनीतिक दल सम्बन्धी ऐन २०७३ को दफा ४४ प्रयोग गर्नुपर्ने देखिएन।

१२) पार्टीबाट तपाईंले निकाल्नुभएका, तपाईंको व्यवहारबाट आजित भएका साथीहरू जसले राजीनामा दिए उहाँहरूलाई एकीकृत गर्न केहि 'स्वतन्त्र' सङ्गठन निर्माण भएका छन्। भोलि पनि त्यस्ता सङ्गठन निर्माण हुनेछन्। अन्य स्वतन्त्र सङ्गठनहरूलाई पनि समर्थन गर्ने हो। तसर्थ, फेसबुकमा कसले के लेख्यो, कसकोमा लाइक गर्‍यो भनेर हेरेर बस्ने तपाईंको यो पुरानो बानी सुधार्न म अनुरोध गर्दछु।

१३) तपाईंले ल्याएको विचार वैकल्पिक राजनीतिको उदेश्य विरुद्ध छ। पार्टीको मर्म विरुद्ध छ। देशमा द्वन्द्व बढाउने र कहीं कतैबाट परिचालित छ। तसर्थ, त्यसलाई मान्न सकिंदैन। राजनैतिक रूपमा तपाईंको कदम कुनै पनि हालतमा स्विकार्न सकिंदैन। कानुनी रूपमा तपाईंले किर्ते गरेको प्रमाण हामीले आयोगलाई बुझाएका छौं र आवश्यक पर्दा अदालतमा पनि बुझाउने नै छौं। त्यसको फैसला नभएसम्म तपाईंले भदौ १७ गते यता गरेका बैठक र निर्णयहरूको कुनै औचित्य छैन । छिट्टै यसलाई  निर्वाचन आयोग वा अदालतले सच्याउने छ र पार्टी फेरी साउन १० गते अर्थात् तपाईंको पश्चगामी दस्तावेजभन्दा एक दिन अघि फर्कने छ भन्ने हाम्रो विश्वास हो। त्यतिन्जेल हामी विवेकशील साझा पार्टीलाई वैकल्पिक राजनीतिको मर्म अनुसार अगाडी बढाउने छौं। शानदार रूपमा पार्टी अगाडी बढ्ने छ, तपाई ढुक्क हुनुहोस्।

१४) हामीले ६ महिनामा महाधिवेशन गर्ने भन्यौं। म विवेकशील नेपाली दलको निर्वाचित अध्यक्ष हुँ। तपाईंले पार्टी सुरु गर्नुभएको लगभग ५ वर्ष हुन लाग्यो, एकचोटी महाधिवेशन गर्नुभएको छैन। आफुले आफैलाई नेता करार गरेर कति दिन नेता बन्नुहुन्छ ? मैले तपाईंलाई अन्तिम पटक इमेल लेखेर जे जे भयो-भयो, अब महाधिवेशनमा जाऔं भन्दा किन मान्नुभएन ? किन डराउनुभयो ? चार सदस्यीय कार्यदलले सर्वसम्मत रुपमा पारित गरेर बुझाइसकेको विधान मस्यौदालाई रातारात परिवर्तन गरि पश्चगामी एजेन्डाहरु घुसाउन कार्यदलकै एक सदस्यलाई किन दवाव दिनुभयो? किन जुम बैठकबाट पार्टीको नीति र नेतृत्व बदल्ने किर्ते काम गर्नुभयो ? यसको जवाफ नदिने ?

( पार्टीमा के के भएको थियो, कसरी पार्टीलाई विभाजनको डिल पुर्याइएको थियो भन्नेबारे मैले केन्द्रीय समितिमा पेस गरेको दस्तावेज - https://bit.ly/abakonikaspdf )

१५) जहाँसम्म मिडियाबाजी गरेको भन्ने कुरा छ। यसमा दुइवटा कुराहरु छन्। पहिलो- मिडियाबाजी कसले सुरु गरेको ? 'नितान्त व्यक्तिगत विचार' भनेर पार्टी कमिटि छलेर मिडिया र युट्युबमा अन्तर्वार्ता दिंदै को हिडेको थियो

? दोस्रो कुरा- तपाईँलाई मैले सार्वजनिक रूपमा गरेका राजनैतिक टिप्पणीदेखि केहि समस्या रहेको बुझें। सदस्य साथीहरूमा पनि एउटा भ्रम के पाएँ भने यो घरको झगडा घरमै मिलाउनुपर्छ। यो अराजनैतिक र निरङ्कुश सोच हो। पार्टी घर होइन। पार्टी, पार्टी हो। हाम्रो पार्टीमा केहि हजार सदस्य मात्र छन्। तर, मैले काठमाडौं क्षेत्र न ९ मा निर्वाचन लड्दा करिब ५ हजार मत पाएको थिएँ। पार्टीले देशभरिबाट २ लाखभन्दा बढी मत पाएको थियो। मलाई के लाग्छ भने, मेरो जबाफदेहिता केन्द्रीय कमिटीको १०० जनासँग मात्र छैन। ती दुई लाख र दसौं लाख शुभेच्छुकसँग पनि छ। तसर्थ, म आम चासोको विषयलाई राजनीतिक रूपबाट बोल्ने लेख्ने गर्छु। कसैलाई पनि व्यक्तिगत आक्षेप लगाउनु गलत हो। त्यो मैले गरेको छैन। तर, राजनैतिक रूपमा प्रश्न गर्नु, यो बाटो हिंडे पार्टीलाई, देशलाई हानी पुग्छ भन्नु संयोजकको रूपमा मेरो धर्म हो। घरको झगडा चौतारीमा लानु हुँदैन भन्ने तपाईँको सोच अलोकतान्त्रिक छ। पार्टी सार्वजनिक संस्था भएकोले हाम्रा बहस पनि सार्वजनिक र पारदर्शी हुनुपर्छ।

१६) अर्को महत्त्वपूर्ण कुरा के हो भने रवीन्द्रजीले पार्टीको मूल बाटोमा रहेका नेताहरूलाई विभिन्न आरोप लाउँदै कारबाही गर्दै हुनुहुन्छ। यो हास्यास्पद छ। पार्टीको विधान र घोषणापत्रमा टेकेर गरिने कुनै पनि गतिविधि समानान्तर गतिविधि होइनन्। समानान्तर गतिविधि भनेको पार्टीको घोषणापत्र र विधान अनुरूप काम नगर्नु हो। हो पक्कै पनि, समानान्तर गतिविधि गर्नेलाई कारबाही गर्नुपर्छ। पार्टीको लाइनभन्दा बाहिर गएर बक्तब्यबाजी गर्नेलाई प्रश्न गर्नुपर्छ। तर, त्यसलाई लागी कसले समानान्तर गतिविधि गरेको छ, कसले पार्टीको मर्म विपरित काम गरेको छ भन्ने कुरा बुझ्न जरुरी छ। त्यो रवीन्द्र मिश्रजीले गर्दै हुनुहुन्छ। हामी हाम्रो पार्टीको मर्म, विधान र एकीकरण दस्ताबेज अनुरुपनै अघि बढ्दै छौं।

# विवेकशील साझा पार्टी

**म तपाईँलाई तपाईँको सहकर्मी, तपाईँसँग एकीकरण गर्दा एउटा पक्षको नेतृत्व गरेको नेता र विवेकशील साझा पार्टीको संयोजकको रूपमा निम्न प्रश्न सोध्न चाहन्छु।**

**कृपया पार्टी सदस्य र आम नागरिकलाई उत्तर दिनुहोला।**

१) तपाइ सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधान खारेज गर्न लागिपरेका खास गरी दक्षिणी शक्ति केन्द्रहरू र अकुत सम्पत्ति आर्जन गरेका पूर्व दरबारीया शक्तिहरूको आर्थिक तथा अन्य प्रलोभनमा परि देशको संविधानलाई खारेज गर्ने अभियानमा संलग्न हुनुभएको भन्ने चर्चा सुनिन आएको छ। त्यसको सत्यता के हो ? वाह्यशक्तिबाट प्रेरित भएर यसरी सुसंस्कृत वैकल्पिक राजनीतिको नेतृत्व गर्न पाएको अवसरलाई दुरुपयोग गर्दै वैकल्पिक राजनीतिका हजारौं योगदानकर्तालाई धोका किन दिनुभयो ? तपाई जनजाति/महिला/मधेसी/दलित तथा सीमान्तकृत समुदायको दशकौंको सङ्घर्षबाट प्राप्त लोकतान्त्रिक गणतन्त्रको संविधान मार्फत संस्थागत भएको व्यवस्थाविरुद्ध लागेको कुरा सत्य हो भने, पार्टीले र राज्यका सरोकारवाला अङ्गहरूले तपाईँमाथि छानबिन गरी कारबाही किन अगाडी नबढाउने? पछिल्लो समयमा तपाईले पार्टीमा रहेका गणतन्त्र पक्षधर नेताहरुमाथि ताकि ताकि कारवाहिको डन्डा चलाउनु खोज्नुलाई कसरि बुझ्ने ?

२) आफैले समेत हस्ताक्षर गरेको तत्कालीन विवेकशील नेपाली दल र साझा पार्टीबिच मङ्सिर २४, २०७७ मा सम्पन्न एकीकरणको घोषणापत्र अनुसार तपाइले पार्टी अध्यक्षको रूपमा पार्टीको एकता घोषणा भएको ६ महिनाभित्र अधिवेशन गर्न नसके अध्यक्ष  संयोजक दुवैले पार्टी  नेतृत्वको रूपमा राजनीमा गरी नयाँ मान्छेको नेतृत्वमा महादिवेसनमा जाने र महाधिवेसनबाट निर्वाचित नेतृत्वले पार्टी चलाउने कुरामा किन आनाकानी गर्नुभयो ? तपाईँले लिखित रूपमा विवेकशील नेपालीसँग गरेको सम्झौता बमोजिम महाधिवेशनसम्म विवेकशील साझा पार्टीलाई प्रगतिशील, गतिशील, मध्यबामपन्थी, संविधानवादलाई पूर्णतः पालना गर्ने पार्टी र विगतका आन्दोलनका उपलब्धि बनाउने पार्टी बनाउने लिखित वाचाबाट किन के कारणले पछाडि हट्नुभयो ? यही विषयमा तपाई, म, केशव दाहालजी र रमेश पौड्यालजी बिच एकीकरणको ४ दिन अघि काठमाडौंको सिद्धार्थ कटेजमा संविधानका आधारभूत संरचना मान्ने सहमतिप्रति किन इमानदार हुन सक्नुभएन ?

३) तपाईँले ९१ जनाको फर्जी सहमति छ भनेर निर्वाचन आयोगमा किन बुझाउनुभयो ? त्यो किर्ते कामका निम्ति किन माफी माग्नुभएन ? तपाईँले बोलाएको जुम बैठकमा किन केन्द्रीय सदस्यहरूलाई बोल्न दिनुभएन ? किन जबरजस्त केन्द्रीय सदस्यहरूलाई तपाईँले लादेको विचार मान्न बाध्य बनाउनुभयो ? यो आरोप होइन। हामीसँग प्रमाण छ। धेरै केहि गर्नुपरेन। तपाईँले दिएकै ९१ जना केन्द्रीय सदस्यहरुको हस्ताक्षर आम नागरिक र निर्वाचन आयोगलाई बुझाउने हिम्मत र नैतिकता तपाईँसँग छ ?

४) तपाईँलाई जुन एकीकरणको दस्ताबेजले अध्यक्ष बनायो, त्यो दस्ताबेज विपरीत मिडियावाजी गर्ने र पार्टीलाई सिद्ध्याउने क्रियाकलापमा लागेपछि पनि तपाई त्यही अध्यक्ष पदमा बसिरहन मिल्छ ? बिबिसीमा नैतिकताको पाठ पढाउने पत्रकार रवीन्द्र मिश्रले नेता भएपछि त्यो नैतिकता देखाउन पर्छ की पर्दैन ?

५) पार्टीमा देशको संविधान बचाउनुपर्छ भनेर लागेका हरेक तहका नेतृत्वलाई सिद्ध्याउनुपर्छ भन्ने मानासकिताबाट गुज्रिएर स्टानिलले जस्तै एकमनाबादी तरिकाले किन फरक बिचार बोक्नेहरूलाई हरेक तहमा कारबाही गर्ने गरी लाग्नुभयो ? आधिकारिक राजिनामानै नदिएका महेश भण्डारीहरूजस्ता सचिवालय सदस्यलाई किन पार्टीमा राजीनामा स्वीकृत गरें भनेर पार्टीबाट निकाल्ने हर्कत गर्नुभयो ?

६) तपाइले धर्मको नाममा नागरिकलाई विभाजित गर्न धर्म निरपेक्षतामा जनमत सङ्ग्रह गर्ने भनेर किन वकालत गर्नुभयो ? देशलाई अफगानस्थान/काबुल बनाउने नियतका साथ तपाइको धार्मिक युद्ध गराउने चाहनाको भारी किन पार्टीलाई बोकाउन खोज्नु भयो ?

७) तपाईँकै नेतृत्वमा दुई पटक सम्म पार्टी फुटको संघारमा पुगिसक्यो। डा सरोज धिताल, डा दिनेश प्रसाई, रेशु अर्याल, ओम अर्याल, स्व. संयोजक उज्वल थापा, डा सुर्यराज आचार्य, मुमाराम खनाल लगायत कयौं नेताहरूले पार्टी छोडे पनि तपाईँलाई यो पार्टीमा आफू बाहेक अरु कोही योग्य छैन भन्ने व्यक्तिवादी भूत किन चढिरहेको छ ?

८) तपाइले पटक पटक पार्टी स्थापनापछि पार्टीको महाधिवेशन गर्ने कुरा टार्दै टार्दै किन जानुभयो ? के तपाइले वि वि सी नेपालीको जागिर छोडे भन्दैमा तपाईँलाई जीवनभर नेतृत्वमा रहिरहन पर्छ भन्ने लाग्छ ?

# विवेकशील साझा पार्टी

९) डा. जीवन क्षेत्री लगायत धेरै विश्लेषकले भनेझैं तपाईंले नियतवस विवेकशील आन्दोलनलाई पटक पटक गिजोल्न किन खोज्नुभयो? वैकल्पिक राजनीति नेपालमा उज्ज्वल थापाको नेतृत्वमा उदाउँदै गर्दा किन पटक पटक एकीकरण गर्दै पार्टी फुटाउदै यो आन्दोलननै सिद्ध्याउने हर्कत गर्नुभयो ? पछिल्लो समय मैले नेतृत्व गरेको विवेकशील नेपाली दलसँग एकीकरण गर्दा पनि महिनौं तपाईंकै सक्रियतामा एकीकरण भयो। पार्टीलाई कसरी अगाडी बढाउने भन्ने सहमति पत्रमा स्पष्ट उल्लेख थियो। मैले तपाईंले हस्ताक्षर गरेको कुरा विश्वास गर्नु के मेरो गल्ती हो ? तपाईंले महिनौं पछि लागेर अब म सच्चिएं भनेपछि तपाईंलाई विश्वास गर्नु के मेरो राजनैतिक जीवनकै सबैभन्दा ठुलो गल्ती हो ? वैकल्पिक राजनीतिमा, सुसंस्कृत राजनीतिमा इमानदारिता रहेन भने त्यो राजनीति के काम ? तर, तपाईंको गतिविधि हेर्दा तपाईंमा इमानदारिता देखिएन।

१०) तपाईंले बागमती प्रदेशबाट रन्जु दर्शनाजी र अन्तर्राष्ट्रिय समितिबाट सुरेश भट्टजीलाई किन कारबाही गर्नुभयो ? किन बर्खास्त गर्नुभयो ? किनकि उहाँहरू तपाईंको विचारसँग सहमत छैनन्, हैन ? यस्तो अलोकतान्त्रिक सोचलाई मेरो भन्नु खेद छैन। विनाश काले विपरीत बुद्धि।

अन्त्यमा,

२०७५ साल पुस २७ गते विवेकशील साझा पार्टी तपाईंको कारणले फुट्यो। २०७५ साल पुस २८ गते तपाईंले तत्कालीन संयोजक स्व उज्ज्वल थापा, रन्जु दर्शना, रमेश पौड्याल, मिलन पाण्डे लगायत १६ जनालाई पार्टीबाट निष्कासन गर्नुभयो। सांसदबाट फिर्ता बोलाउनुभयो। बाहिर आम नागरिकलाई देखाउन हामीलाई प्रेम पत्र लेख्नुभयो। तर निष्कासन सुटुक्क गर्नुभयो। रवीन्द्रजी, तपाईंको म एउटा कुराको तारिफ भने गर्छु। तपाई मुसुक्क मुस्कुराएर संसारलाई एउटा मिठो भ्रम छर्न माहिर हुनुहुन्छ र भित्र भित्रै आफ्नूसँग फरक मत राख्ने साथीहरूलाई सिद्ध्याउनुहुन्छ। यसपालि पनि तपाईंले त्यही गर्दै हुनुहुन्छ।

होइन भने, आउनुहोस्, महाधिवेशन गरौं। आफ्नो आफ्नो विचार लिएर सदस्यकहाँ जाऔं। सक्नुहुन्छ ? छ हिम्मत ?

केन्द्रीय कार्यालय: बखुण्डोल, ललितपुर, नेपाल
फोन: ०१५०१०६०९, ०१५४३६०६२
इमेल: info@bibeksheelsajha.com, वेबसाइट: www.bibeksheelsajha.com

तपाईँसँग त्यो राजनैतिक चरित्र छैन। दोस्रो एकीकरणमा तपाईँलाई विश्वास गर्नु हाम्रो गल्ती म स्विकार्न चाहन्छु। हामी इमानदार थियौं, पत्यायौं। हामीले बोलेको र हस्ताक्षर गरेको कुरा मान्नुहुन्छ होला भन्ठान्यौं।

तर, यस्ता घटना पार्टी जीवनमा घट्छन्। २०१७ सालमा तत्कालीन काँग्रेसका महामन्त्री डा तुलसी गिरीले बहुमत काँग्रेसलाई पंच्यातमा बुझाएकै हुन्। तर पनि, काँग्रेस सिद्धिएन। कम्युनिस्ट पार्टीका निर्वाचित महासचिव केशरजङ्ग रायमाझीले कम्युनिस्ट पार्टीलाई बहुमत रहेकै अवस्थामा दरबारमा बुझाएकै हुन्। तर पनि, कम्युनिस्ट सकिएनन्। तपाईँले लोकतन्त्र दरबारलाई बुझाउने प्रस्ताव ल्याएर जे घात वैकल्पिक राजनीतिमा गर्नुभएको छ। त्यो बाबजुद पनि पार्टी अगाडी बढ्छ। राजनीतिमा कारावही कमजोरले गर्छन्। स्पष्ट नेतृत्वले आफ्रो विचारको नेतृत्व गर्छन्। हामी वैकल्पिक राजनीतिलाई, विवेकशील साझा पार्टीलाई अगाडी बढाउने छौं। अघिल्लो चोटि कारबाही गरेर जसरी माफी मागेर हामीसँग पुनः एकीकरण गर्न आउनुभएको थियो, यसपालि हामी तपाईँलाई पत्याउने छैनौं। अब तपाईलाई कसैले पत्याउने छैन। बेलामै आफ्रो परिचय दिनुभएकोमा तपाई धन्यवादको पात्र हुनुहुन्छ।

सरी रवीन्द्रजी, तपाईँले प्रस्ताव गरे अनुसार, राजतन्त्र मान्न सकिंदैन। पंच्यातलाई स्विकार्न सकिंदैन। धार्मिक द्वन्द्व फैलाउने मुद्दा बोक्न सकिंदैन। वैकल्पिक राजनीति र लोकतन्त्रलाई दरबारमा चढाउन सकिंदैन। अतः अन्त्यमा यति भन्छु, तपाईँले गरेका तमाम कृत्यका निम्ति हामी त माफ गरौंला, तर इतिहासले माफ गर्नेछैन।

वैकल्पिक राजनीतिको निष्ठामा हामी अविचलित रहनेछौं। बाकी तपाईँले निर्णय गर्नुहोस्।

नेपाल आमाको जय होस्।

मिलन पाण्डे

केन्द्रीय संयोजक

विवेकशील साझा पार्टी।